नेपाल टेलिकम
(नेपाल दूरसंचार कम्पनी लिमिटेड)
केन्द्रीय कार्यालय
पदपूर्ति समितिको
सूचना नं. १७ ।०७४।७५

गो.प.मा प्रकाशित मिति २०७४।११।२५

**आन्तरिक प्रतियोगिताको सूचना**

नेपाल दूरसंचार कम्पनी लिमिटेडमा रिक्त रहेका पदहरुमा पदपूर्ति प्रक्रिया अगाडी बढाउन लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरुमा कर्मचारी विनियमावली २०६१ को विनियम १३, २३ र २९ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० दिन अर्थात अन्तिम मितिसम्ममा सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा ३ बर्ष स्थायी सेवा अवधि पुरा भएका निम्नानुसार योग्यता पुगेका कम्पनीका कर्मचारीहरुबाट Online दरखास्त आव्हान गरिएको छ ।

कम्पनीको Website www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुपर्नेछ । रित नपुगी, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु संलग्न नभई पेश भएको दरखास्त उपर कुनै कारवाही हुने छैन । Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरु तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरुको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ ।

**लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।**

| सि.नं. | बि.नं. | पदको नाम | सेवा, समूह | तह | पद संख्या | परीक्षा दस्तुर | आबश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ६१/२०७४/७५ | ना.प्र.नि. / निर्देशक | प्रा. | ११ | १ | रु.१०००/- | अधिकृतस्तरको पदमा सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| २ | ६२/२०७४/७५ | प्रबन्धक (टेलिकम) | प्रा. | १० | १ | रु.१०००/- | अधिकृतस्तरको पदमा सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| ३ | ६३/२०७४/७५ | उप प्रबन्धक (टेलिकम) | प्रा. | ९ | १ | रु.८००/- | अधिकृतस्तरको पदमा सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| ४ | ६४/२०७४/७५ | उप प्रबन्धक (लेखा) | प्र./ले. | ९ | १ | रु.८००/- | अधिकृतस्तरको पदमा सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| ५ | ६५/२०७४/७५ | सहायक लेखा अधिकृत | प्र./ले. | ६ | १ | रु.७००/- | मान्यता प्राप्त शिक्षण संस्थावाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह उतिर्ण गरेको । |
| ६ | ६६/२०७४/७५ | सहायक प्रशासकिय अधिकृत | प्र. | ६ | १ | रु.७००/- | मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक वा सो सरह उतिर्ण गरेको । |
| ७ | ६७/२०७४/७५ | बरिष्ठ सहायक | प्र. | ५ | २ | रु.५००/- | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रमाणपत्र तह उतिर्ण गरेको । |

**१. परीक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता ।

**२. दरखास्त भर्ने अन्तिम मिति :** २०७४/१२/२४ सम्म र दोब्बर दस्तुर तिरी २०७५/०१/०१ सम्म। दरखास्त भर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सम्म दरखास्त भर्ने अन्तिम मिति कायम हुनेछ।

**३. परीक्षा कार्यक्रम :** पछि प्रकाशित गरिने छ।

**४. परीक्षा केन्द्र** : पछि प्रकाशित गरिने छ।

## नेपाल टेलिकमको आन्तरिक मुल्यांकन वढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लागि Online दरखास्त भर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरु :

(१) Online दरखास्त भर्नको लागि आवेदकको Email Id अनिवार्य रुपमा आवश्यक पर्नेछ। कम्पनीले vacancy तथा परीक्षा सम्बन्धि सूचनाहरु आवेदकको Email Id मा नै पठाउने हुंदा आवेदकले आफ्नो आधिकारीक Email Id प्रयोग गरी Sign up गर्नु हुन अनुरोध गरिन्छ। यस अघि नै Nepal Telecom को Online Vacancy मा Register भैसकेका आवेदकहरुले साविककै Email Id/Password बाट Login गर्न सक्नुहुनेछ। तर पहिलोपटक Nepal Telecom को Online Vacancy मा आवेदन गर्ने आवेदकहरुले सर्वप्रथम Sign up गरी आफ्नो Email Id तथा कम्तीमा 6 digit को password राखी register गर्नुपर्नेछ।

(२) Register गरीसकेपश्चात् आवेदकहरुले Display मा Username (Email ID) र password प्राप्त गर्नेछन्। यसरी प्राप्त ID र password बाट नै आवेदकले Sign In गरी Profile Entry,Vacancy apply तथा Profile Update गर्नुपर्ने भएकोले उक्त ID / Password सुरक्षित साथ राख्नु हुन अनुरोध गरिन्छ।

(३) यस कम्पनीको Website www.ntc.net.np वा recruit.ntc.net.np मा Login गरी Profile entry मा click गरी क्रमशः Profile ,Family details, Education,Training, Experience, Council तथा Privilege group मा गई आवेदन गर्ने पदको लागि माग बमोजिमका आवश्यक विवरणहरु entry तथा Documents Upload गरेपश्चात Save गर्दै जानुपर्नेछ। नेपाल टेलिकमका कर्मचारीहरुले आफ्नो Profile मा NT Staff छनोट गरी Emloyee Id Type गरेपछि खुल्ने Service History Tab मा गई विज्ञापन गरिएको पदको लागि आवश्यक Informations entry गर्नुका साथै Documents Upload गर्नुपर्नेछ।

Upload गरिने Document को Size 200kbs भन्दा बढी हुनु हुँदैन। नेपालीमा नाम Type गर्दा Unicode मात्र प्रयोग गर्नुपर्नेछ।

(४) Vacancy post मा आफूले आवेदन दिन चाहेको Post छनौट गरि Apply गर्ने। यस पछि Apply गरिएको पद, तह, परीक्षा दस्तुर र टोकन नम्बर उल्लेख भएको विवरण आवेदकको Email मा प्राप्त हुनेछ। आवेदकले उक्त विवरणलाई प्रिन्ट गरी आफूलाई पायक पर्ने यस कम्पनीका महशुल बुझ्ने कुनै पनि काउण्टरमा गई काउण्टर खुलेको दिन महशुल बुझाउने समय भित्र रकम भुक्तानी गर्नुपर्नेछ। तर नेपाल टेलिकमका कर्मचारीले आन्तरिक मूल्यांकन बढुवा (File Promotion) को लागि आवेदन गर्न परीक्षा दस्तुर बुझाउनुपर्दैन।

पुनश्च : Online मार्फत फाराम भर्दा कुनै समस्या भएमा यस कम्पनीको सम्पर्क नं. ०१४२१०४१६, ०१४२१०४७३, ०१४२१०४१५,०१४२१०४१२ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

सचिव
पदपूर्ति समिति